नि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक ४२ २०८२ साल जेठ २५ गते आइतवार (8 June 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** राजविराज नगरपालिकाका ... **पृष्ठ ३ मा :** नयाँ बजेटको पुरानै कथा ... **पृष्ठ ४ मा :** स्वास्थ्य बीमा सुधारका लागि ... **पृष्ठ ५ मा :** अख्तियारद्वारा पाँच जना विरुद्ध ...

## अस्पतालबाट स्वास्थ्य विमाको लाभ पाउँदैनन् बिरामी



**राजविराज**/विपन्नलाई उपचारमा राहत पुऱ्याउने उद्देश्यले सरकारले सर्वसाधारणसँग केही न्युन रकम लिएर स्वास्थ्य विमा कार्यक्रम लागु गरेको छ। विशेष गरि कम आय श्रोत भएका तथा विपन्न समुदायका व्यक्तिले सरकारले तोकेको रकम तिरेर स्वास्थ्य विमा गराएका छन्।

तर यसको लाभ लिने बेला बिभिन्न वहाना देखाउँदै अस्पतालले सेवा सुविधा नदिदा बिरामीहरु ठगिन थालेका छन्। जसको पछिल्लो उदाहरण बनेको छ, सरकारको मातहतमा रहेको राजबिराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको "औषधी बिक्रि केन्द्र"।

अस्पताल परिसरमै रहेको उक्त केन्द्रमा कहिल्यै चिकित्सकद्वारा लेखिए अनुसारको औषधी नपाइने बिरामी र उनका आफन्तले गुनासो गरेका छन्।

शुक्रबार सो अस्पतालका डा. आदर्श सिंहलाई जचाएपछी औषधी लिन उक्त केन्द्रमा जाँदा पूर्जामा लेखिएको ९ मध्ये ३ वटा औषधी मात्र पाइएको राजबिराज ४ का बिक्रान्त परियारले गुनासो पोखे। "सस्तोमा पाइने ३ वटा औषधी मात्र दिइयो, उनले भने, बाँकी ६ वटा औषधी सकेको छ बजारमै किन्नु भनेर फर्काइदिए।"

यस्तै राजगढ गाउँपालिका ६ बाट ७ वर्षिय छोरा अशोकलाई जचाउन आएकी सुलोचना मण्डलले सोही अस्पतालमा डा. कालिप्रसाद यादवसँग स्वास्थ्य परिक्षण पश्चात् उनले लेखिदिएको पूर्जा लिएर उक्त केन्द्रमा जाँदा ७ मध्ये २ वटा औषधी मात्र पाइएको गुनासो गरिन्। उनले समस्या पर्दा सस्तोमा उपचार सेवा र औषधी पाइने आशमा पूरै परिवारको ३ हजार ५ सय रुँपैया तिरेर स्वास्थ्य विमा गराएको भएपनि अहिले समस्या पर्दा विमाको समुचित लाभ पाउन नसकि ठगिएको महसुस भएको बताइन्।

उक्त औषधी केन्द्रमा पुग्ने जो कोही बिरामी र उनका आफन्तको यस्तै गुनासो छ। सरकारले स्वास्थ्य विमा गराएका विमितका लागि एकातिर न्यून मात्रामा औषधी पठाउने अर्कोतिर उपलब्ध औषधीमा पनि औषधी केन्द्रमा खटिएका कर्मचारीले गडबडी गर्ने गरेको स्थानीयको आरोप छ।

आवश्यक जनशक्तिको अभावमा अस्पतालमा रहेको एचडियु सेवा विगत चार महिनादेखी बन्द छ। अस्पताल आउने बिरामी सो जाँचका लागि चर्को शुल्क तिरेर बाहिर प्रइभेट क्लिनिकमा जान बाध्य छन्।

अस्पतालका मेडिकल सुपरिटेन्ट डा. प्रकाश साहले औषधी र जनशक्तिको अभाव बारे आफुले सम्बन्धीत विभागमा जानकारी गराई समाधानका लागि पहल गरिरहेको बताएका छन्।

## आम संचार प्राधिकरणका नवनियुक्त सदस्य गुप्ता युनियन सप्तरीद्वारा सम्मानित



**राजविराज**/आम संचार प्राधिकरण मधेश प्रदेशको सदस्यमा नेपाल प्रेस युनियन सप्तरीका उपाध्यक्ष नवीनकुमार गुप्ता नियुक्त भएकोमा प्रेस युनियन सप्तरीले शनिबार एक कार्यक्रमबीच सम्मान गरेको छ।

युनियन सप्तरीका अध्यक्ष

***बाँकी अन्तिम पृष्ठमा***

## संघीयताकै कारण राज्यको हरेक निकायमा सबै वर्ग समुदायको अनुहार हेर्न पाएका छन् : मन्त्री लेखी




**राजविराज**/मधेस प्रदेशका गृह, संचार तथा कानुनमन्त्री राजकुमार लेखीले संघियता आएकै कारण राज्यको हरेक निकायमा हजारौं हजारको संख्यामा सबै वर्ग समुदायको अनुहार हेर्न पाएका बताएका छन्।

सप्तरीको कञ्चनरुपमा मधेस प्रदेशको चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डले शनिबार आयोजना गरेको छायांकन तथा सम्पादन सम्बन्धि पाँच दिने तालिमको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन्।

उनले राज्यका हरेक निकायमा दलित, मुस्लिम, महिला आदिवासी लगायत सबैको प्रतिनिधित्व हुनु संघीयताको ठुलो उपलब्धि रहेको बताउँदै तर पनि सबै वर्ग समुदायले पुर्णरूपमा अधिकार पाईनसकेकोले संघर्ष अझै जारि नै रहेको उल्लेख गरे।

***बाँकी अन्तिम पृष्ठमा***

## मदिरा तस्करी रोक्ने प्रयास गर्दा भन्सारका कर्मचारी कुटिए, गाडी तोडफोड

**राजविराज**/मदिरा तस्करी रोक्ने प्रयास गर्दा तस्करको समूहबाट राजविराज भन्सार कार्यालयका कर्मचारीहरू आक्रमणमा परेका छन्।

सप्तरीको राजगढ गाउँपालिका २ बनैनिया टोलमा शुक्रबार राति करिब १२ बजे स्थानीय प्रत्यक्षदर्शीका अनुसार भन्सार कार्यालयका कर्मचारी [redacted]डामा लोड [redacted] नियन्त्रण गर्ने प्रयास गरेका थिए। सोही क्रममा तस्करहरूको एक समूहले कर्मचारीहरूलाई कुटपिट गर्नुका साथै सरकारी गाडीमा तोडफोड गरे।

तस्करहरूले आक्रमण गर्दा सरकारी गाडीमा ढुंगा प्रहार गरिएको थियो। बा.२भ.१३४३ नम्बरको गाडीको अगाडिको सिसा फोडिएको छ। भन्सार कार्यालयका कर्मचारीहरूले लगभग १५ कार्टुन दिलबाले मदिरा जफत गरेका थिए।

फोहोर व्यवस्थापन गरौं र गराऔं ।

- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौं,
- घरायसी फोहोर कम गरौं,
- पुनः प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं,
- जैविक फोहोरबाट प्राङ्गारीक मल उत्पादन गरौं ।
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं,
- प्लास्टिक, कागज, काँचजस्ता पुन:प्रयोग हुने वस्तुहरूको छुट्टै संकलन गरौं,

फोहोर नजलाऔं, फोहोरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### गुणस्तरप्रति ध्यान पुगोस्

अहिले गुणस्तरीय बस्तु पाउनै मुश्किल भएको छ। जताततै मिसावटले गर्दा स्वास्थ्यमा निकै असर पुर्‍याइरहेको छ। विभिन्न खाद्यान्नहरुमा मिसवाट बढ्दै गएको छ। चामल, दाल, तरकारी, गेडागुडी, मासु, दुधमा समेत मिसावट बढ्दै गएको हो। यति मात्र नभएर मिठाईमा समेत मिसावट भइरहेको छ। स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुमा खुल्लेआम मिसाबट हुँदै आएको छ। खसीको मासुमा बाख्राको मासु, तोरीको तेलमा अन्यको तेल, दुधमा पर्याप्त पानी र कमी भए अखाद्यय पाउडर, खुर्सानीको धुलो र बेसारको धुलोमा इँटाको धूलो मिसाइने गरिएको पाइएको छ।

व्यक्तिको स्वास्थ्यमा नकारात्मक असर पार्ने रंगको प्रयोग हरेक किसिमको हरियो तरकारीमा व्यापारीहरुले गर्दै आएका छन्। २० किलोको प्याक भएको चामल खरिद गर्दा झण्डै ४ देखी ५ सय ग्रामसम्म अखाद्य वस्तु अर्थात साना साना ढुंगाका टुक्राहरु मिसावट हुने गरेको छ। लगातार खाद्यवस्तुमा मिसाबट भइरहने हो भने व्यक्तिको स्वास्थ्यमा गम्भिर असर पर्नेछ।

तसर्थ खाद्यान्न खरीद गर्दा उपभोक्ताले सुरुमै चेकजाच गरेर मात्र खरीद गर्नुपर्छ। उपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्नेलाई कानुनी कारवाहीका साथै सम्बन्धीत निकायले पनि उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गरि अनुगमनलाई समेत प्राथमिकता दिनु आवश्यक छ। सरोकारवाला निकायले गुणस्तरप्रति गम्भिरतापूर्वक ध्यान दिनु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजविराज नगरपालिकाका कर्मचारी आन्दोलित



**राजविराज**/राजविराज नगरपालिकाका कर्मचारीहरु आन्दोलनमा उत्रिएका छन्। नेपाल नगरपालिका कर्मचारी एशोसिएशन इकाइ समिति राजविराज नगरपालिकाकी अध्यक्ष कल्पना देवको अगुवाईमा विभिन्न ११ बुदे मागसहित आन्दोलनमा उत्रिएका हुन्।

अध्यक्ष देवले नगरपालिकाका प्रवक्ता समेत रहेका वडाअध्यक्ष जयनारायण मण्डललाई बुझाइएको ज्ञापन पत्रमा ११ बुंदे मागसहित चरणबद्ध आन्दोलनका कार्यक्रम समेत घोषणा गरिएको छ।

ज्ञापनपत्रमा नगरपालिकाको कार्यपालिकाको कानुन सम्मत निर्णय नमान्ने र आफुखुशी स्वेच्छाचारी ढंगले काम गर्ने प्रमुख प्रशासकिय अधिकृत डा.श्रवण साह र कर्मचारीको मानसम्मान माथी पटक/पटक आघात पुऱ्याउने गरी काम गर्ने योजना शाखाका प्रमुख मनोज कुमार यादवमाथी कारवाही गर्दै सरुवा गर्नु पर्ने प्रमुख माग राखिएको छ।

यस्तै १५ वर्षदेखी करार सेवामा कार्यरत इन्जिनीयर अशोक कुमार दासलाई कार्यपालिकाको निर्णय बगैर एकलौटी ढगले प्रमुख प्रशासकिय अधिकृत डा.साहले करार सम्झौता भंग गरेको निर्णय फिर्ता लिनु पर्ने, गत आ.ब.२०८०/०८१ मा वडा कार्यालयमा काम गरे बापत दैनिक ज्यालादारी कर्मचारीको बाँकी रहेको १६ दिनको तलब अविलम्ब भुक्तानी गर्नुपर्ने, कर्मचारीको दुर्घटना बिमाको व्यबस्था तथा निमित्त प्रमुख प्रशासकिय अधिकृत बरिष्ठतम कर्मचारीलाई मात्र दिनु पर्ने लगायतका माग अघि सारिएको छ।

ज्ञापनपत्र मार्फत उक्त मागहरु पुरा नगरिए जेठ २२ गते बिहिबारदेखी कालो पट्टी बाँधेर काम गर्ने तथा दैनिक २ घण्टा पेन डाउन गरी धर्ना, जेठ २५ गते प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षमा तालाबन्दी तथा जेठ २८ गतेदेखी असार १ गते सम्म अतिआवश्यक सेवा बाहेक सबै कामकाज बन्द गरी धर्नामा बस्ने कार्यक्रम घोषणा गरिएको छ। त्यसपछी पनि माग सम्बोधन नभए दोश्रो चरणमा आन्दोलनका थप सशक्त कार्यक्रमहरु घोषणा गरिने ज्ञापनपत्रमा उल्लेख छ।

ज्ञापनपत्रको बोदार्थ प्रमुख जिल्ला अधिकारी भोला दाहाल, नगरपालिका प्रमुख प्रशासकिय अधिकृत डा. श्रवण साह, पत्रकार महासंघका सभापती श्रवण कुमार देवलाई समेत दिइएको छ।

आर्थिक वर्षको पूर्वसन्ध्यामा राजविराज नगरपालिकामा एकपछी अर्को आन्दोलन भएपछी विभिन्न विकासीय योजनाहरु अलपत्र हुने भएको छ। गत साता मात्र नगरपालिकाकै सरसफाई कर्मचारीहरु गत वर्षको १६ दिनको बाँकी रहेको तलबको माग गर्दै आन्दोलित भएका थिए। उनीहरुको माग पुरा भए लगत्तै गत वर्षको माघ १ गते नगरपालिकाको गाडीबाट जिल्लाको बादेबरसाइन नगरपालिकाका एक बालक घाइते भएपछी उनको उपचार खर्चको माग गर्दै परिवारजन र स्थानीय नगरपालिकामै धर्ना बसेका थिए।

नगरपालिकाले घाइतेको उपचार खर्च उपलब्ध गराउने प्रतिबद्धता जनाएपछी सो आन्दोलन पनि स्थगित भयो। धर्ना आन्दोलन स्थगित भए लगत्तै नगरपालिकाकै कर्मचारीहरु विभिन्न ११ बुँदे माग राख्दै बुधबारदेखी आन्दोलनमा उत्रेका छन्।

# नगरपाकिले घाइतेको उपचार खर्च दिने प्रतिबद्धता जनाएपछी आन्दोलन स्थगित

**राजविराज**/राजविराज नगरपालिकाको गाडीले ठक्कर दिंदा गम्भिर घाइते भएकाको उपचार खर्च माग गर्दै परिवारजनले सुरु गरेको अनिश्चितकालिन धर्ना कार्यक्रम स्थगित भएको छ।

सप्तरीको बोदेबर्साइन नगरपालिका १ निवासी १६ वर्षिय राजेश कुमार यादवको उपचार खर्च माग्दै यसरी आन्दोलनलाई निरन्तरता दिएपछी नगरपालिकाले उपचार खर्च बापतको बाँकी रकम बुझाउने प्रतिबद्धतापछी धर्ना कार्यक्रम स्थगित भएको हो।

नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनले गत आइतवार साँझ आन्दोलनकारीसंग वार्ता गरेकी थिइन। उनले बिराटनगरस्थित बिराट नर्सिङ्ग होममा उपचार खर्च बापतको बाँकी रकम तत्काल नगरपालिकाले व्यवस्थापन गरी सोमबार राजेशलाई ल्याई आफन्तको जिम्मा लगाउने सहमती बनेको बताईन। वार्तामा उनीसंगै वडाअध्यक्ष एवं प्रवक्ता जयनाराण मण्डल, वडाअध्यक्ष शशी चौधरी लगायत सहभागी थिए।

गत माघ १ गते राजविराज नगरपालिकाको स.१झ. ४८१ नं को स्कारपियोको ठक्करबाट १६ वर्षिय राजेश कुमार यादव गम्भिर घाइते भएका थिए। बिदाका दिन राजबिराजबाट जनकपुरतर्फ जाँदै गरेको सो गाडीमा राजविराज नगरपालिका वडा नं. २ का वडाअध्यक्ष अरुण यादवसहितका केही व्यक्ति सवार थिए।

ठक्करबाट हात र खुट्टा भाचिनुका साथै टाउँकोमा गम्भिर चोट लागेका उनलाई प्रहरीले उपचारका लागि सोही दिन बिराटनगरस्थित बिराट नर्सिङ्ग होममा भर्ना गराएको थियो।

उपचारका क्रममा ९२ दिनपछी होसमा आएका भान्जाको उपचार बापतको २५ लाख मध्ये नगरपालिकाले अहिलेसम्म २ लाख रुँपैया मात्र दिएको मामा दिपेश यादवको भनाई छ। बाँकी २३ लाख रुँपैया बुझाउन नसक्दा अस्पतालले डिस्चार्ज गर्न नमानेको र बाध्य भई आन्दोलनमा उत्रिनु परेको उनले बताए। उनले माग पुरा नभए आफुहरु नगरपालिका परिसर मै आगो लगाएर आत्मदाह गर्ने चेतावनी समेत दिएका थिए।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# नयाँ बजेटको पुरानै कथा : जनमुखी होइन शक्तिकेन्द्रित आर्थिक खाका



**रमेश कुमार बोहोरा**

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को कुल बजेट १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको रहेको छ । यद्यपि बजेटको आकारले देशको वर्तमान आर्थिक संक्रमणकालीन अवस्थालाई सम्बोधन गर्ने संकेत दिएको देखिए पनि गहिरो विश्लेषण गर्दा यसको कार्यान्वयन, आर्थिक यथार्थ, जनअपेक्षा र संरचनात्मक सुधारको सन्दर्भमा गम्भीर प्रश्नहरू उठ्छन् ।

विगतका वर्षहरूमा जस्तै यसपालिको बजेट पनि 'महत्त्वाकांक्षी' घोषणाका साथ प्रस्तुत गरिएको छ । तर योजनाहरूको कार्यान्वयनमा निरन्तरता, स्रोतको सुनिश्चितता, र खर्चको गुणस्तरबारे अघिल्लो वर्षहरूमा देखिएका कमजोरीहरू फेरि दोहोरिने संकेतहरू छन् । नीतिगत घोषणाहरूले उत्साह जगाए पनि तिनको व्यवहारिक कार्यान्वयन सन्देहास्पद देखिएको इतिहास अझै ताजै छ ।

बजेटमा उल्लेखित १९ खर्ब ६४ अर्ब रुपैयाँमध्ये ११ खर्ब ८० अर्ब चालु खर्चमा, ४ खर्ब ७ अर्ब पुँजीगत खर्चमा र ३ खर्ब ५७ अर्ब ऋण भुक्तानीमा छुट्याइएको छ । कुल खर्चमध्ये चालु खर्च मात्रै ६० प्रतिशतभन्दा बढी छ जुन सरकारको आर्थिक गतिविधि बढी प्रशासनिक खर्चमा सीमित भएको प्रष्ट पार्छ । पुँजीगत खर्च मात्र २० प्रतिशत हाराहारीमा छ । जुन संरचनात्मक विकास, पूर्वाधार निर्माण र दीर्घकालीन लगानीका लागि अपर्याप्त मानिन्छ । यो खर्च संरचना आफैमा नेपालजस्तो विकासोन्मुख मुलुकको लागि असन्तुलित मानिन्छ ।

बजेटको आम्दानी पक्ष हेर्दा राजस्व स्रोतको लक्ष्य १३ खर्ब १५ अर्ब रहेको छ । यद्यपि विगतका वर्षहरूमा राजस्व लक्ष्य पूरा नहुँदाको अनुभवले यो लक्ष्य पनि प्राप्त हुनेमा शंका उत्पन्न गराउँछ । बाँकी रकम वैदेशिक अनुदान ५३ अर्ब ४५ करोड, वैदेशिक ऋण २ खर्ब ३३ अर्ब ६६ करोड र आन्तरिक ऋण ३ खर्ब ६२ अर्ब बाट जुटाउने योजना छ । यसरी बजेट स्रोतको झन्डै ३० प्रतिशत ऋणमा निर्भर रहेको तथ्यले आर्थिक स्वाधीनता र बजेट कार्यान्वयन दुवैमा चुनौती थपिएको छ ।

विगतको बजेट कार्यान्वयनको अनुभव हेर्दा सरकारका योजना कागजमा मात्र सीमित रहने गरेका छन् । उदाहरणका लागि २०७९/०८० को बजेट १८ खर्ब ६० अर्बको थियो तर कार्यान्वयन कमजोर भएपछि संशोधन गर्दै १६ खर्ब ९२ अर्बमा झारिएको थियो । विकास खर्चको न्यून उपयोग दर र योजनाको ढिलासुस्ती नेपाली बजेट प्रणालीको दीर्घकालीन समस्या हो । अधिकांश आयोजना वर्षको अन्तिम त्रैमासिकमा जल्दाबल्दा ढंगले खर्च गरिन्छ । जसले परियोजनाको गुणस्तर र पारदर्शितामा प्रश्न उठाउँछ ।

राष्ट्रिय गौरवका आयोजना जस्तै निजगढ विमानस्थल, बूढीगण्डकी जलविद्युत् आयोजना, सिक्टा सिँचाइजस्ता महत्वपूर्ण आयोजना विगतका बजेटहरूमा प्राथमिकतामा परे पनि हालसम्म पूरा हुन सकेका छैनन् । कुल २६ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये मात्र दुईवटा सम्पन्न भएका छन् । बाँकी आयोजना या त राजनीतिक इच्छाशक्ति, प्राविधिक तयारी वा बजेटको अभावका कारण ढिलो भइरहेको छ । यी आयोजना अलपत्र रहनुले बजेटको दीर्घकालीन दृष्टिकोण अभावमा प्रश्न खडा गर्छ ।

बजेटले सन् २०२५ मा ६ प्रतिशतको आर्थिक वृद्धि हुने दाबी गरे पनि यो सन्देहास्पद छ । हालसम्मको वृद्धिदर ४.६१ प्रतिशतमा सीमित रहेको छ भने गत आर्थिक वर्षमा यो दर ३.७ प्रतिशत मात्र थियो । उत्पादन वृद्धिमा सुधार नभएको, निजी लगानी सुस्त भएको र सरकारी खर्चको गुणस्तर कम भएको अवस्थाले आर्थिक वृद्धि लक्ष्य पुरा हुने सम्भावना न्यून देखिन्छ । मूल्यवृद्धि दर ३.३९ प्रतिशत देखिएको भए पनि दैनिक उपभोग्य वस्तुहरूमा अझै मूल्य वृद्धिको दबाब कायम छ । जसले आम नागरिकको क्रयशक्तिमा असर पारिरहेको छ ।

बैंकिङ क्षेत्रमा पर्याप्त तरलता रहेको भए पनि निजी क्षेत्र लगानी गर्न हिच्किचाइरहेको छ । लगानीको वातावरण नकारात्मक हुनुको मुख्य कारण कर नीतिमा अनिश्चितता, श्रम कानुनको अलमल, सरकारी निकायहरूको अनावश्यक झमेला र नीतिगत स्थायित्वको अभाव हो । उद्योगी तथा व्यापारीहरूले बजेटलाई आफूमाथिको बोझका रूपमा व्याख्या गरेका छन् । नयाँ कर थपिने, पुराना कर बढाइने तर सेवा सुविधा नपाउने अवस्था बजेटप्रति जनविश्वास घटाउने प्रमुख कारण बनेको छ ।

कृषि नेपालको आर्थिक मेरुदण्ड मानिन्छ तर यो क्षेत्र वर्षौंयता उपेक्षित हुँदै आएको छ । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २५ प्रतिशतभन्दा बढी छ तर बजेटको थोरै अंश मात्रै कृषिमा छुट्याइएको छ । यद्यपि सरकारले 'कृषि लगानी दशक' घोषणा गरेको छ त्यसअनुसारका संरचना, बीमा प्रणाली, बीउ प्रविधि तथा बजार व्यवस्थापनमा उल्लेखनीय सुधार देखिँदैन । मल, बीउ, सिंचाइ, भण्डारण र मूल्य निर्धारण जस्ता आधारभूत आवश्यकता अझै अपूरा छन् । कृषकहरू गरिबी, ऋण र बजार नपाइने समस्याबाट पीडित छन् ।

युवाहरूको वैदेशिक पलायन अझै निरन्तर छ । रोजगारको अभाव, शिक्षा प्रणालीको गुणस्तरहीनता, उद्योग नखुल्ने अवस्था र राजनीतिक अस्थिरताले देशमा सीपयुक्त श्रमिकहरू बस्न चाहँदैनन् । अहिले रेमिटेन्स नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को झन्डै २५ प्रतिशत हिस्सा ओगटिरहेको छ । यद्यपि रेमिटेन्स अस्थायी आयस्रोत हो र यसमा देशको दीर्घकालीन आर्थिक नीति आधारित हुनु खतरनाक हुन्छ । यसको सट्टामा स्वदेशमै सीप उद्योग रोजगारीको वातावरण सिर्जना गर्न बजेटले पर्याप्त प्राथमिकता दिन सकेको देखिँदैन ।

बजेट निर्माण प्रक्रिया पारदर्शी र जनसमावेशी हुन सकेको छैन । जनप्रतिनिधि, प्रदेश तथा स्थानीय सरकार, निजी क्षेत्र, श्रमिक संघ, महिला, युवा तथा जनजातीय समूहहरूको सुझाव समेटिएको देखिँदैन । बजेट संसदमा पेस हुँदा सांसदहरू पनि त्यसबारे सूचना नपाएको अवस्था छ । यो स्थिति प्रत्यक्ष लोकतान्त्रिक मूल्यविपरीत हो । बजेटको प्रमुख नीति निर्माण प्रक्रिया सानो घेरामा सीमित हुँदा त्यसले जनआवश्यकताभन्दा शक्ति समीकरणमा आधारित प्राथमिकता निर्धारण गर्छ ।

बजेटमा प्रायः बिचौलिया, ठेकेदार र उद्योगपति केन्द्रित कार्यक्रमहरू प्राथमिकतामा पर्ने गरेका छन् । कर छुट, अनुदान र सहुलियत जस्ता कार्यक्रमहरू निश्चित व्यापारिक समूहका लागि बनाइएको आरोप व्यापक छ । यसले आर्थिक असमानता बढाउने, भ्रष्टाचारको सम्भावना बढाउने र राज्यमा समावेशी अर्थनीति विकृत गर्ने खतरा हुन्छ । बजेट सबै वर्ग, क्षेत्र र तहका नागरिकका लागि समान अवसर सृजना गर्ने साधन हुनुपर्छ न कि विशेष वर्गको हित साधन गर्ने दस्तावेज नेपालमा संरचनागत आर्थिक सुधारको खाँचो वर्षौंदेखि चर्चा हुँदै आए पनि ठोस कार्यान्वयन देखिएको छैन । योजना निर्माण, सार्वजनिक खर्चको निगरानी, ठेक्का प्रणालीको सुधार, अनुगमनको सुदृढीकरण र सूचकांक आधारित मूल्याङ्कन प्रणालीको विकासमा सरकार उदासीन देखिन्छ । बजेटले दीर्घकालीन वित्तीय सन्तुलन, ऋण व्यवस्थापन, राजस्व सुधार र निजी लगानी प्रवर्द्धनमा स्पष्ट खाका ल्याउन सकेको छैन । प्रत्येक मन्त्रालय, आयोग र निकायलाई बजेट विनियोजन गर्दा परिणाममुखी सूचकांक अपनाउने अभ्यास अझै शुरु भएको छैन ।

बजेट सुधारको लागि केही ठोस उपायहरू आवश्यक छन् । पहिलो बजेट कार्यान्वयनको स्पष्ट कार्ययोजना सार्वजनिक हुनुपर्छ । जसमा कस्ता कार्यक्रम कति समयभित्र कसरी कार्यान्वयन हुने छन् भन्ने उल्लेख हुनुपर्छ । दोस्रो, बजेट निर्माणको आरम्भिक चरणमै स्थानीय तह, निजी क्षेत्र, विज्ञ, श्रमिक संघ र जनसाधारणको राय लिन सकिने प्रणाली बनाइनुपर्छ । तेस्रो, बजेटलाई जनताले बुझ्ने भाषामा, सरल र सुलभ पहुँचसहित सार्वजनिक गरिनुपर्छ । चौथो, कृषि, रोजगारी र उद्योगमैत्री कर नीति ल्याइनु जरुरी छ । जसले उत्पादन बढाउने वातावरण बनाओस् । पाँचौं, नवप्रवर्तन, सूचना प्रविधि र स्टार्टअपलाई प्रोत्साहन गर्ने नीति बजेटमा स्थापित गरिनुपर्छ । अन्ततः राजनीतिक स्थायित्व, नीति निरन्तरता र प्रशासनिक सुधारबिना बजेटले अपेक्षित परिणाम ल्याउन सक्दैन ।

२०८२/०८३ को बजेट दस्तावेज हेर्दा यो आर्थिक पुनरुत्थान र समृद्धिको यात्रातर्फ सरकार गम्भीर भएको संकेत दिन खोजिएको देखिन्छ । तर विगतका अनुभव, कार्यान्वयनको कमजोरी, नीतिगत अन्योल र जनविश्वासको अभावले यो बजेट पनि कागजमै सीमित हुने सम्भावना बलियो देखिन्छ । बजेट आर्थिक समृद्धिको मार्गचित्र बन्नु पर्छ तर यसलाई राजनीति, प्रचार र सस्तो लोकप्रियतामा सीमित राख्ने प्रवृत्ति अन्त्य नगरेसम्म परिवर्तन सम्भव छैन । यो बजेट भाषण मात्रै नभएर वास्तविक कार्यान्वयन र परिणामदायी अभ्यासमा परिणत हुन सक्नुपर्छ । (लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिकामा मोटरसाइकल दुर्घट्नामा परि चालकको मृत्यु भएको छ । सो दुर्घटनामा मोटरसाईकल सवार अर्का एकजना गम्भिर घाइते भएका छन् ।

पुर्वपश्चिम राजमार्ग अन्तर्गत सुरुङ्गा नगरपालिका ६ स्थित करडवोना चौकमा बुधबार राति भएको मोटरसाइकल दुर्घटनामा सप्तरीको अग्नीसाइर कृष्णासबरन गाउँपालिका २ का मोटरसाइकल चालक १९ बर्षीय सुजित कुमार चौधरीको मृत्यु भएको हो ।

राति ९ बजेतिर पश्चिमबाट पुर्वतर्फ तिब्र गतिमा आउँदै गरेको बा.८७प.९९७ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई सडकमा राखिएको डिभाइडरमा ठोकिएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

दुर्घटनामा मोटरसाइकालमा सवार सोही वडाका २१ बर्षीय अभिषेक चौधरी गम्भिर घाइते भएका छन् । उनको सिरहाको लहानस्थित धामनी अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि धरान लगिएको प्रहरीले जनाएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

# स्वास्थ्य बीमा सुधारका लागि डिजिटल परिवर्तनको आवश्यकता

**डा. सुमन शर्मा पौडेल**

देशमा स्वास्थ्य बीमा कार्यक्रम लागू भएको एक दशक हुन लागिसकेको छ। बीमा कभरेज विस्तार भए पनि व्यवस्थापन पक्ष कमजोर बन्दै गएको अनुभव अहिले अधिकांश अस्पतालहरू, बीमा कर्मचारीहरू र बीमित सेवाग्राहीहरूले गरिरहेका छन्। म स्वयं विभिन्न प्रदेशहरूमा खटिएका मूल्यांकन टोलीमध्ये एक प्रतिनिधिको रूपमा मधेश प्रदेशको स्थलगत अध्ययनमा सहभागी भएको नाताले देखेको मुख्य समस्या, बीमा दाबी व्यवस्थापन प्रणालीको प्राविधिक जटिलता र कार्यसम्पादन असक्षमता थियो। यसको समाधानको खोजीबारे र नयाँ प्रणाली अवलम्बनको विषयमा केही उपाय सुझाउन चाहन्छु।

**१.आइएमआइएसः वर्तमान प्रणाली र यसको सीमा**

हाल स्वास्थ्य बीमा बोर्डले प्रयोग गरिरहेको आईएमआईएस (इन्टिग्रेटेड म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम) प्रणाली सामाजिक सुरक्षा र स्वास्थ्य वित्त प्रणालीका लागि प्रशासनिक तथा तथ्यांक व्यवस्थापनका निम्ति डिजाइन गरिएको हो। यो प्रणालीको सुरुवात पहिलोपटक तान्जानियामा गरिएको थियो र पछि अन्य विकासशील मुलुकहरूसम्म विस्तार गरियो। नेपालमा यसको प्रयोग सन् २०१४ यता स्वास्थ्य बीमा बोर्डमार्फत् सुरु गरिएको हो।

आईएमआईएस प्रणालीमार्फत् बीमित व्यक्तिको विवरण रेकर्ड राख्न, बीमा कार्ड निर्माण गर्न, सुविधा प्याकेजहरू परिभाषित गर्न, सीमित रूपमा दाबी दर्ता गर्न सकिन्छ। तर समस्या के हो भने, यो प्रणाली सामान्य प्रशासनिक कामका लागि डिजाइन गरिएको हो, स्वास्थ्य बीमा क्लेम व्यवस्थापनका लागि होइन। जसको कारणः अधुरा, अस्पष्ट वा कागजात नपुगेका दाबीहरू प्रणालीमै रोकिन्छन्, प्रयोगकर्ता-अन्तरक्रियात्मक फिचरहरू (इन्टरएक्टिभ मोड्युल्स) को अभाव छ र अस्पतालहरू र बीमा बोर्डबीच सिधा संवाद गर्ने कुनै डिजिटल माध्यम छैन।

आईएमआईएस एउटा अन वे डाटा सिस्टम हो, जहाँ क्लेम दर्ता त हुन्छ तर संवाद र ट्र्याकिङ प्रभावकारी छैन। यस्तो प्रणाली दावीको गुणस्तरको मूल्याङ्कन गर्न, गुनासो समाधान गर्न वा समयसीमा ट्र्याक गर्न पूर्ण असक्षम देखिन्छ। हाल स्वास्थ्य बिमा बोर्ड को कार्यक्षमता माथि प्रश्न उठ्नु मा पनि यहि अधुरो र अपुरो प्रणालीको निरन्तरता प्रमुख कारण देखिन्छ।

**२. दाबी व्यवस्थापन प्रणालीका अन्तर्राष्ट्रिय अभ्यासहरू**

स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने थुप्रै मुलुकहरूले डिजिटल क्लेम्स प्रोसेसिङ सिस्टम लाई समयसापेक्ष बनाइसकेका छन्। केहि प्रमुख उदाहरणहरूमा भारत, जर्मनी, रवान्डा आदी लिन सकिन्छ।

भारत - हाम्रो देश नेपालभन्दा झण्डै ४६ गुणा धेरै जनसंख्या भएको छिमेकी मुलुक भारतमा करिब ३८ प्रतिशत जनसंख्या सरकारी स्वास्थ्य बीमा प्रणालीमा आवद्ध छ। यस्तो जनसंख्यामा सेवा दिने क्रममा पनि प्रधानमन्त्री जन आरोग्य योजना अन्तर्गत भारतले सफलतापूर्वक टीएमएस प्रणाली (ट्रान्जेक्सन म्यानेजमेन्ट सिस्टम) को कार्यान्वयन गरेको छ। यो प्रणालीले अस्पताल, बीमा बोर्ड, तेस्रो पक्ष र मूल्याङ्कनकर्ताबीचको सम्पर्क पारदर्शी बनाउनुका साथै प्रत्येक दाबीको स्थिति, आवश्यक कागजात र निर्णय समयमै ट्र्याक गर्ने सुविधा प्रदान गर्छ। भारतको अनुभवले देखाएको छ कि प्राविधिक सुधार, स्पष्ट ल्ट्, र अन्तरक्रियात्मक प्रणाली को संयोजनले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी र विश्वसनीय बनाउन सकिन्छ।

जर्मनी - विश्वकै पहिलो र अत्यन्त सफल स्वास्थ्य बीमा मोडेल मानिने जर्मनीले सन् १८८३ मै सामाजिक स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको थियो, जसलाई आज पनि विश्वकै सबैभन्दा पुरानो र स्थायीत्वयुक्त सार्वजनिक बीमा प्रणालीको रूपमा लिइन्छ। यो देशमा ९० प्रतिशत भन्दा बढी जनसंख्या सार्वजनिक स्वास्थ्य बीमामा आवद्ध छन् र बाँकीले निजी बीमा लिएका छन्। जर्मनीमा सबै बीमा कम्पनीहरू र सेवा प्रदायकहरू एउटै एकीकृत डिजिटल प्रणाली अन्तर्गत कार्य गर्छन्, जसलाई 'जीकेभी स्ट्यान्डर्ड इलेक्ट्रोनिक क्लेम सिस्टम' भनिन्छ। यो प्रणाली अत्यन्त स्ट्यान्डर्डाइज्ड, पेपरलेस, रियल-टाइम र इन्टेरोपेरेबल छ, जहाँ हरेक क्लेम, औषधि, उपचार कोड, मूल्य र डकुमेन्ट स्वचालित रूपमा समायोजित र भुक्तानी प्रणालीसँग जोडिएको हुन्छ। क्लेमहरूको गुणस्तर मूल्याङ्कनका लागि एआई आधारित अडिट प्रणाली, मेडिकल प्रोटोकलको तुलनात्मक विश्लेषण, र डेटा ट्र्याकिङ अत्यन्त प्रभावकारी छन्।

रवाण्डा - ओपनआईएमआईएस + टीएमएस हाइब्रिड मोडलः नेपालजस्तै सीमित स्रोत र समान स्तरको अर्थतन्त्र भएको रवाण्डाले ओपनएमआईएस प्रणाली लाई स्थानीय आवश्यकताअनुसार अनुकूलन गरी टीएमएस जडित संरचना विकास गरेको छ। आज रवाण्डामा ८० प्रतिशत भन्दा बढी नागरिक स्वास्थ्य बीमा अन्तर्गत छन्, र अस्पतालदेखि बीमा बोर्डसम्म एउटै डिजिटल सिस्टममार्फत क्लेम दर्ता, मूल्याङ्कन र भुक्तानी प्रक्रिया पारदर्शी ढंगले सञ्चालन भइरहेको छ। यसले देखाउँछ–नीतिगत इच्छाशक्ति र प्राविधिक रूपान्तरण भएमा, स्रोत सीमितताका बाबजुद पनि प्रभावकारी बीमा प्रणाली सम्भव छ।

अमेरिका र क्यानडा - ईडीआई विद् एआई-ड्रिभन एडज्युडिकेसनः प्रविधी को क्षेत्र मा निकै अगाडी रहेका अमेरिका र क्यानडामा ईडीआई (इलेक्ट्रोनिक डाटा इन्टरचेन्ज) प्रणाली प्रयोग हुन्छ जसले एआई र मेसिन लर्निङको सहायताले जटिल क्लेमहरू पनि स्वतः विश्लेषण गर्न सक्छ।

**३. नेपालमा टीएमएस कार्यान्वयनको खाका**

नेपालको स्वास्थ्य बीमा प्रणालीलाई पारदर्शी, जवाफदेही र परिणाममुखी बनाउने दिशामा ट्रान्जेसन म्यानेजमेन्ट सिस्टम (टीएमएस) एक अत्यन्त व्यवहारिक र समयसापेक्ष समाधान हुन सक्छ। यो प्रणाली दाबी व्यवस्थापन, अनुमोदन, ट्र्याकिङ र रिपोर्टिङका सबै पक्षहरूलाई एकीकृत डिजिटल प्रणालीमा लैजाने माध्यम हो, जसले अस्पताल, बीमा बोर्ड र मूल्याङ्कनकर्ताबीचको कामकाजलाई मात्र होइन, विश्वास र उत्तरदायित्वलाई पनि पुनःनिर्माण गर्न मद्दत गर्छ।

टीएमएस हाम्रो आफ्नो आवश्यकता अनुसार डिजाइन र परिमर्जन गर्न सकिन्छ जस्तै –एकपटक प्रणालीमा दर्ता गरिएपछि अनिवार्य कागजातहरू पूरा नगर्दा सम्म दाबी सबमिट हुँदैन यदि कुनै कागजात छुटेको छ वा जानकारी अधुरो छ भने, त्यस क्लेमलाई अस्पतालको ड्यासबोर्डमा 'इनकम्पिल'का रूपमा स्पष्ट रूपमा देखिन्छ। यसले अस्पतालहरूलाई आफ्नो काम व्यवस्थित गर्न सहज बनाउँछ र क्लेम पूरा नगरीकन प्रक्रिया अघि बढ्ने सम्भावना स्वतः रोकिन्छ।

यस प्रणालीमा प्रि-मेडिकल भेरिफिकेसन चरणमा सबै अनिवार्य विवरण र कागजातहरू पूरा भए मात्र दाबी अगाडि बढ्ने व्यवस्था हुन्छ, जसले मेडिकल अडिट चरणमा अनावश्यक भार र अस्वीकृति दर घटाउँछ। क्लेमको प्रत्येक चरणलाई (सबमिटेडेट, रिभ्युड, क्युरियड, एप्रुभ्ड/रिजेक्टेड, पेइड) रियल टाइममा ट्र्याक गर्न सकिने, अस्पताल र बीमा बोर्डबीच दुई-तर्फी संवाद सम्भव हुने, र प्रत्येक प्रयोगकर्ताको जिम्मेवारी स्पष्ट बनाउने प्रणालीको रूपमा ट:व ले अझ प्रभावकारी, पारदर्शी र उत्तरदायित्वमा आधारित स्वास्थ्य बीमा दाबी प्रक्रिया सुनिश्चित गर्छ।

साथै अस्पताललाई ७ दिनको दाबी दर्ता समयसीमा तोकिएको भए पनि बीमा बोर्डका लागि कुनै निश्चित टर्नाराउन्ड टाइम (टीएटी)छैन। टीएमएसको माध्यमबाट यदि हरेक पक्षका लागि स्पष्ट टीएटीको डिजाइन लागू गरियो भने, यसले दुवै पक्षलाई समान रूपमा जवाफदेही बनाउने र बीमित सेवाग्राहीको विश्वास बढाउने ठोस आधार प्रदान गर्छ।

साथै, टीएमएस केवल सफ्टवेयर मात्र होइन, यो नियमित रूपमा सुधार र परिमार्जन गरिरहिने प्रणाली हो। नीति परिमार्जन, सुविधा प्याकेजको अपडेट, वा फिडब्याक अनुसार सिस्टममा आवश्यक परिवर्तनहरू समयमै गर्न सकिने लचिलो संरचना यसमा छ, जसले दाबी व्यवस्थापन प्रणालीलाई सदैव सान्दर्भिक र सक्षम बनाइराख्छ।

**४. कति खर्चिलो छ टीएमएस? अनि कति मूल्यवान ?**

वित्तिय व्यवस्थापन चुनौतिपूर्ण रहेको बेलामा थप आर्थिक भार केहि असहज देखिएला तर नेपालमा अहिले सूचना प्रविधिको क्षेत्रमा गुणस्तरीय सेवा दिन सक्ने कम्पनीहरू प्रशस्त छन्। यदि स्थानीय प्रतिस्पर्धात्मक बोलपत्र प्रणालीमार्फत टीएमएस निर्माण गरियो भने प्रारम्भिक लागत (सिस्टम डिजाइन, डेभलपमेन्ट, सर्वर सेटअप) साथै वार्षिक मर्मत र अपरेसन लागत (टेक्निकल टिम, क्लाउड होस्टिङ) गरी अनुमानित रूपमा दुईदेखि तीन करोड रुपैयाँ भित्रमा सम्पूर्ण प्रणाली तयार पार्न सकिन्छ यद्धपी औपचारिक लागत विवरण वा प्राविधिक अध्ययनबाट मात्र बास्तबीक खर्च अनुमान गर्न सकिएला। तर, यस्ता प्रणाली विकास गर्ने अनुभवी कम्पनीहरू तथा प्रणालीलाई सहयोग गर्न इच्छुक विकास साझेदारहरू सँग सरल सम्पर्क र छलफल मार्फत यथार्थ लागत र सहकार्य मोडेल तुरुन्तै तयार गर्न सकिन्छ। पारदर्शिता, समयमै भुक्तानी, र सेवा गुणस्तरको सुधारका हिसाबले लागतका तुलनामा यसको प्रयोगबाट समग्र स्वास्थ्य प्रणालीमा पर्ने सकारात्मक प्रभाव अत्यन्तै ठूलो हुनेछ।

नेपालको स्वास्थ्य बीमा कार्यक्रमका लागि हाल प्रयोगमा रहेको आईएमआईएस प्रणालीले प्रारम्भिक संरचना विकास, बीमित विवरण व्यवस्थापन, कार्ड डिजाइन र सुविधा प्याकेज निर्माणमा उल्लेखनीय योगदान पुर्‍याएको छ। प्रशासनिक तथा तथ्यांक व्यवस्थापनको लागि यो प्रणाली अझै पनि उपयोगी छ, विशेषगरी पॉलिसी अपडेट, कार्ड ट्र्याकिङ र सेवा सुविधा स्किम निर्माण जस्ता कार्यमा यसको प्रयोग कायम रहनसक्छ। तर गुणस्तरीय दावी प्रक्रिया, समयसीमा ट्र्याकिङ, प्रतिकृया संयन्त्र र पारदर्शी निगरानी प्रणाली निर्माणका लागि आईएमआईएस एक्लै पर्याप्त छैन।

अतः अबको मार्ग स्पष्ट छ-आईएमआईएस र टीएमएसको एकीकृत प्रयोग। जहाँ आईएमआईएसलाई प्रशासनिक कार्य र बीमित विवरण व्यवस्थापनका लागि सीमित राखी, टीएमएसलाई दाबी व्यवस्थापन, क्वालिटी ट्र्याकिङ, टीएटी निगरानी, र चिकित्सा अडिटका लागि विशेष रूपमा समर्पित गरिनुपर्छ। यस्तो एकीकृत मोडेलले केवल प्रविधि परिवर्तन होइन, बीमा प्रणालीमा व्यापक विश्वास, कार्यक्षमता र उत्तरदायित्वको नयाँ अध्याय सुरु गर्नेछ। (डा पौडेल आयुर्वेद चिकित्सक, स्वास्थ्य अनुसन्धानकर्ता एवम स्वास्थ्य बीमा प्रणालीमा अनुभवी हुन्।) स्वास्थ्य खबरबाट

# प्रदेश सरकारद्वारा छानबिन समिति गठन

**जनकपुर**/मधेश प्रदेशमा चालू आर्थिक वर्षको योजना खरिद बिक्री भएको आरोप लागेपछि प्रतिपक्षी दलको दबाबमा सरकारले विशेष छानविन समिति गठन भएको छ।

सत्तारुढ र प्रतिपक्षी दलको सहमतिअनुसार बिहीबारको प्रदेशसभा बैठकमा सभामुख रामचन्द्र मण्डलले संसदीय छानविन विशेष समिति घोषणा गरेका हुन्। उनले विकास योजना तथा कार्यक्रम सम्बन्धमा संसदमा कुरा उठेकाले समिति बनाएको जानकारी दिए।

उनका अनुसार समितिमा साँसदहरु केशव राय, कुमरकान्त झा, किरण कुमारी, शम्भु कुमार साह, रहबर अन्सारी, रमिता प्रधान, कनिष्क पटेल, उर्मिलादेवी सिंह, कञ्चन विच्छा र विमला अन्सारीलाई राखिएको छ।

चालू आर्थिक वर्षमा मन्त्रीहरुले सचिवालयमार्फत् दलाललाई योजना बेचेको भन्दै प्रतिपक्षी जसपा नेपाल र नेकपा माओवादी केन्द्रले पटक पटक संसद अवरुद्ध गरेको थियो। तर छानविन गर्न सरकार आनाकानी गर्दै आएको थियो।

सभामुख रामचन्द्र मण्डलले समिति गठनका लागि रुलिङ गरेको झण्डै दुई महिना बित्दा पनि नगरेको भन्दै बुधवार बसेको प्रदेशसभा बैठक पनि प्रतिपक्षी दलले अवरुद्ध गरेको थियो।

# निजि दुई विद्यालय बन्द गराइए

**राजविराज**/सप्तरीमा बिना अनुमति संचालनमा रहेका थप दुई वटा निजि विद्यालय बन्द गराइएको छ।

जिल्ला शिक्षा समन्वय इकाईको अगुवाइमा हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख बिरेन्द्र माझी, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत जितेन्द्र पासवानसहितको टोलीले नगरपालिकाको वडा नं. ५ स्थित आनन्द निजी शैक्षिक गुठी र वडा नं. ७ स्थित आरपी मेमोरियल स्कुल बन्द गराइएको हो।

दुबै विद्यालयले कक्षा १ को अनुमति लिएर ८ कक्षासम्म संचालन गर्दै आएको पाइएको शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख शशी यादवले जानकारी दिए।

उनका अनुसार उच्च अदालत जनकपुर, राजविराज इजलासले १९ बैशाखमा अनुमति पाएको भन्दा माथिल्लो कक्षामा भर्ना नगर्न अन्तरिम आदेश दिएपछि फैसला कार्यान्वयन गराउने क्रममा उक्त विद्यालयहरु सूचना टाँस गरेर बन्द गर्न लगाइएको छ।

आगामी दिनमा अनुमति पाएको भन्दा बढी कक्षा संचालन गरे शिक्षा एन अनुसार थप कार्वाहीको भागिदार बन्ने भन्दै ती विद्यालय संचालकले सहीछाप समेत गरेको यादवले बताए।

शिक्षा समन्वय प्रमुख यादवले अनुमति नपाएर पनि संचालन हुँदै आएको विद्यालयहरुलाई पटक पटक बन्द गर्न लिखित र मौखिक आग्रह गरिएपनि वेवास्ता गरिएकाले सूच्ना टाँस गर्दै बन्द गर्न थालिएको बताए।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले अनुमति पाएको भन्दा माथिल्लो कक्षा संचालन गरेको पाइए कानुन बमोजिम कार्वाही गर्न निर्देशन दिएपछी अनुगमन टोलीले सक्रियता देखाएको छ। टोलीले थप अन्य विद्यालयहरुमा पनि अनुगमन गर्ने र अनुमति वगैर माथिल्लो कक्षा संचालन गरिएको पाए तत्कालै सूचना टाँस गरि बन्द गर्ने जनाएको छ।

# अख्तियारद्वारा पाँच जना बिरुद्ध विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी आरोप पत्र दायर

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत, सहएकस्–लेखापालसहित पाँच जना बिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी आरोप पत्र दायर गरेको छ ।

पालिकाबाट विभिन्न समयमा प्रकाशित गरिएको टेण्डर र आशयपत्र सम्बन्धी विज्ञापनमा प्रकाशक र कर्मचारीको मिलोमतोमा भ्रष्टाचार भएको जनाउँदै उक्त आरोपपत्र दायर गरेको हो ।

अख्तियारले तिलाठी कोइलाडी गाउँपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव, सह-लेखापाल सत्रोहन दास, टाईम्स रिपब्लिक मिडिया प्रालि तिलाठी कोईलाडीका संस्थापक सदस्य भूषणकुमार सिंह, डच मिडिया प्रालि काठमाडौंका निर्देशक रवि अर्याल तथा प्रभाव राष्ट्रिय दैनिक पालिका प्रवन्ध निर्देशक कृष्णबहादुर कार्की गरि पाँच जना विरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको हो ।

आर्थिक बर्ष २०७९/०८० मा पालिकामा बिभिन्न निर्माण कार्यको लागि ठेक्का नम्बर ३ र ६ बाट चारवटा ठेक्काको बोलपत्र आह्वान र खरिद आशयको सूचना सार्वजनिक खरिद ऐन, नियम बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा सो नगरि कर्मचारी र प्रकाशकको मिलोमतोमा गैरकानुनी लाभ तथा गाउँपालिकालाई हानी पुऱ्याउने गरि लुकाई छिपाई प्रकाशित गरेर भ्रष्टाचार गरिएको अख्तियारले दायर गरेको आरोपपत्रमा उल्लेख गरिएको छ ।

यसरी लुकाई छिपाई प्रकाशित गरिएको सूचना प्रेस काउन्सिल नेपालको रेकर्डमा कतै नभेटिएको तथा एक प्रति पत्रिका मात्र प्रकाशित गरि झुटा बिल भरपाई मार्फत तीनलाख १६ हजार चारसय १० रुपैयाँ भुक्तानी लिई भ्रष्टाचार गरेको अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

विवरण लुकाउने बदनिययतका साथ सार्वजनिक सार्वजनिक रुपमा सूचना प्रकाशित नै नगरेको मिडियाले भुक्तानी लिएको पुष्टि भएको हुँदा सो कार्यमा संलग्न प्रतिबादीहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा १ बमोजिम कैद र बिगो बमोजिम सजाय र जरिवाना हुनुपर्ने मागदावी सहित विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको अख्तियारले जारि गरेको विज्ञप्तिमा उल्लेख छ ।

# प्रधानमन्त्रीद्वारा ६४ वटा पक्की सडक योजनाको एकै पटक डिजिटल माध्यमबाट शिलान्यास

**जनकपुर**/प्रधानमन्त्री केपी शर्मा ओलीले मधेस प्रदेश सरकारको लगानीमा ६४ वटा पक्की सडक योजनाको एकै पटक डिजिटल माध्यमबाट शिलान्यास गरेका छन् ।

प्रधानमन्त्री ओलीले मधेस प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयद्वार गत आइतबार जनकपुरधाममा आयोजित विशेष समाहरोमा डिजिटल प्रविधिमार्फत एकैपटक ६४ आयोजनाको शिलान्यास गरेका हुन् ।

भौतिक पूर्वाधार मन्त्रालयका अनुसार मधेस प्रदेशअन्तर्गत आठ जिल्लाका ६४ वटा प्रादेशिक निर्वाचन क्षेत्रमा पाँच किलोमिटरका दरले ३२० किलोमिटर लम्बाइको पक्की सडक निर्माण हुनेछ । तीन वर्षभित्र सम्पन्न गर्ने कालोपत्रसहितको सो पक्की सडक निर्माणका लागि कूल रु १२ अर्ब ७० करोड खर्च हुने प्रदेश सरकारले जनाएको छ ।

मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले स्रोत सुनिश्चित भई पूर्वाधार कार्यालयमार्फत ठेक्का प्रक्रिया सम्पन्न भइसकेकोले शिलान्यासपछि सडक निर्माणको कामले तीव्र गति लिने बताए ।

उनका अनुसार यसअघि पहिलो चरणमा अगाडि बढाइएका ३२० किलोमिटर सडक योजनामध्ये २०० किलोमिटरभन्दा बढी सडक निर्माण सम्पन्न भइसकेको छ, बाँकी भागको सडक निर्माण तीव्र रूपमा बढाइने छ ।

निर्माण हुने सडकको चौडाइ साढे पाँचदेखि सात मिटर हुनेछ । सडकसँगै प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा एक/एक वटा पक्की पुल निर्माणका लागि प्रक्रिया सुरु भइसकेको मन्त्रालयले जनाएको छ । साथै, जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्दै पूर्वाधार निर्माणमा वातावरणमैत्री प्रविधि र उपायको प्रयोग गरिने भएको छ ।

यसरी ६४ वटा महत्वपूर्ण तथा ठूला सडक आयोजना बिस्तार तथा स्तरोन्नतिका क्रममा शिलान्यास भएको क्षणलाई मधेस प्रदेश सरकारले ऐतिहासिक एवं गौरवका रुपमा स्मरण गर्दै प्रधानमन्त्री ओलीप्रति धन्यवाद व्यक्त गरेको छ ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## चीनमा भारी वर्षाको सम्भावना, नागरिकलाई सावधानी अपनाउन आग्रह

**बेइजिङ**/चीनको राष्ट्रिय मौसम विज्ञान केन्द्रले शनिबार देशका विभिन्न क्षेत्रमा भारी वर्षाको सम्भावना रहेकाले 'पहेंलो स्तर' को वर्षा सम्बन्धी चेतावनी जारी गरेको छ ।

शनि दिउँसो २ बजेदेखि आइतबार दिउँसो २ बजेसम्म याङ्छे नदी र ह्वाइहे नदी आसपासका क्षेत्र, हानज्याङ नदी, याङ्छे नदीको दक्षिणतर्फ पर्ने भूभाग, गुइझोउ तथा गुआङ्शी प्रान्तहरूमा व्यापक वर्षा हुने अनुमान गरिएको छ ।

जिआङ्सु, आन्हुई, हुबेई र चेजियाङका केही स्थानहरूमा १८० मिलिमिटरसम्म वर्षा हुन सक्ने जनाइएको छ । कतिपय क्षेत्रमा एक घण्टामै ८० मिलिमिटर वा सोभन्दा बढी पानी पर्ने सम्भावना रहेको छ, जससँगै मेघगर्जन र हुरीसमेत देखापर्न सक्ने अनुमान छ ।

स्थानीय प्रशासन तथा सम्बन्धित निकायहरूलाई शहरी तथा ग्रामीण क्षेत्रका ढल तथा निकास प्रणालीको निरीक्षण र पूर्वतयारी गर्न सुझाव दिइएको छ ।

चीनमा प्रयोग गरिने चार-स्तरीय रङ्गको चेतावनी प्रणालीअनुसार, रातो सबैभन्दा उच्च जोखिम जनाउने रङ्ग हो भने त्यसपछिका क्रमशः सुन्तला, पहेंलो र नीलो रंगले घट्दो स्तरका खतरा दर्शाउँछन् । एजेन्सी

## अमेरिकी भन्सार शुल्कवृद्धि अन्तर्राष्ट्रिय मापदण्डविरुद्ध : अर्थशास्त्री इगोर

**सराजेवो**/संयुक्त राज्य अमेरिकाले हालै लागू गरेको विदेशी फलाम तथा एल्युमिनियममा ५० प्रतिशतसम्मको भन्सार शुल्कवृद्धिले विश्व व्यापारमा असन्तुलन र अविश्वास बढ्न सक्ने चिन्ता एक वरिष्ठ अर्थविश्लेषकले व्यक्त गर्नुभएको छ ।

बोस्निया हर्जेगोभिनाका आर्थिक विश्लेषक गावरान इगोरले अमेरिकाको पछिल्लो निर्णयले बहुपक्षीय व्यापार प्रणालीलाई कमजोर पार्ने भन्दै यस्तो एकपक्षीय कदमले दीर्घकालीन रूपमा सबै देशहरूलाई असर गर्ने चेतावनी दिनुभयो । उहाँले भन्नुभयो, "यस प्रकारका एकतर्फी नीतिहरूले आपसी विश्वासलाई खल्बल्याउँछ र साझेदार देशहरूलाई समकक्षको रूपमा नभई अधीनस्थको रूपमा व्यवहार गरिएको महसुस गराउँछ ।"

उहाँले निष्पक्ष, पारस्परिक सहयोग र आपसी लाभमा आधारित विश्वव्यापी व्यापार प्रणालीको आवश्यकता औंल्याउँदै यस्ता कार्यहरूलाई 'आर्थिक दबाब' तथा 'अन्तर्राष्ट्रिय मापदण्डको उल्लङ्घन' को रूपमा व्याख्या गर्नुभयो ।

बोस्नियाको अर्थतन्त्र मुख्यतः युरोपेली आपूर्ति श्रृङ्खलासँग जोडिएको बताउँदै उहाँले नयाँ भन्सार नीतिको प्रत्यक्ष असर रक्षा तथा धातुजन्य निर्यात उद्योगहरूमा पर्न सक्ने उल्लेख गर्नुभयो । अमेरिकामा हुने बोस्नियाली निर्यातयस्तमध्ये ६० प्रतिशतभन्दा बढी रक्षा क्षेत्रमा केन्द्रित रहेको र हाल ती सामानमा ३५ प्रतिशतसम्म शुल्क लाग्ने भएको जानकारी दिनुभयो ।

उहाँले अन्त्यमा साना अर्थतन्त्र भएका मुलुकहरूको हितका लागि निष्पक्ष, स्थिर र बहुपक्षीय व्यापार संरचना बिकास गर्न विश्व समुदायले सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । एजेन्सी

## युक्रेनमा रुसी हवाई आक्रमण : पाँच जनाको मृत्यु, दर्जनौं घाइते

**कीभ, युक्रेन**/युक्रेनका बिभिन्न शहरहरूमा शनिबार बिहान भएको रुसी हवाई आक्रमणमा कम्तीमा पाँच जनाको मृत्यु भएको छ भने २० जना भन्दा बढी नागरिक घाइते भएका छन् ।

खार्किभ सहरका मेयर इहोर टेरेखोभका अनुसार, यो सहरले हालसम्मकै सबैभन्दा ठूलो हवाई आक्रमणको सामना गरेको छ । बिहान करिब चार बजे सुरु भएको आक्रमणमा ४८ वटा ड्रोन, दुई वटा मिसाइल र चार वटा बम प्रयोग गरिएको जानकारी उहाले दिनुभयो । खार्किभमा मात्र तीन जनाको मृत्यु भएको र १७ जना घाइते भएको जनाइएको छ ।

त्यसैगरी, खेरसोनमा तोपखानाको प्रहारबाट एक दम्पतीको मृत्यु भएको र दुई भवनमा क्षति पुगेको छ । ड्निप्रो सहरमा दुई जना महिला घाइते भएका छन् भने लुत्स्कमा शुक्रबारको आक्रमणमा घाइते एक युवतीको मृत्यु भएको पुष्टि गरिएको छ ।

आक्रमणपछि उद्धारकर्मीहरू सक्रिय रुपमा प्रभावित क्षेत्रहरूमा काम गरिरहेका छन् । अधिकारीहरूले घाइतेहरूको उपचार भइरहेको र केहीको अवस्था गम्भीर रहेको जनाएका छन् ।

रुसले पछिल्ला दिनहरूमा युक्रेनमाथि आक्रमण तीव्र बनाएको छ । उता युक्रेनले युद्धविरामको प्रस्ताव राखे पनि रुसले अझै त्यसमा सकारात्मक प्रतिक्रिया दिएको छैन । अन्तर्राष्ट्रिय समुदायले दुबै पक्षलाई संयमता अपनाउन र शान्तिपूर्ण समाधानको बाटो रोज्न आग्रह गरिरहेको छ । एजेन्सी

# डाकाको प्रतिकारमा उत्रिएका एक व्यक्तिको हत्या

**राजविराज**/सप्तरीमा डाकाको प्रतिकारमा उत्रिएका एक व्यक्तिको हत्या गरिएको छ।

जिल्लाको सुरुङ्गा नगरपालिका ८ मल्हनमा टोलमा बिहीबार मध्यराती १ बजेतिर डकैती गर्न आएका डाका समूह बिरुद्ध प्रतिकारमा उत्रेका घरपट्टी ५६ वर्षिय कन्तलाल चौधरीको हत्या गरिएको हो।

गोली र खुकुरी प्रहारबाट गम्भिर घाइते भएका ५६ वर्षिय चौधरीलाई उपचारका लागि लहानस्थित प्रादेशिक अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषित गरेका थिए।

मध्यराती घर छेउमा भइरहेको हो-हल्ला सुनेर मृतकका काकाका छोरा ४० वर्षिय रमाकान्त चौधरी दाजुलाई जोगाउन खोज्दा डाका समूहले उनलाई पनि घरेलु हतियार प्रयोग गरेर गम्भिर घाइते बनाएका छन्। उनको हाल लहानस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी ढकेन्द्र खतिवडाले हतियारसहित आएका ५/६ जनाको डाका समूहले लुटपाट गर्दै गरेका बेला प्रतिकार गर्न खोज्दा कन्तलाललाई गोली र घरेलु हतियार प्रहार गरि हत्या गरिएको जनाएका छन्।

प्रहरीका अनुसार चौधरीको घरबाट ५ तोला सुनको गरगहना, २ किलो चाँदीका गरगहना, नगद ५५/६० हजार र अन्य केही सरसामान लुटपाट भएको छ। घटनास्थलबाट प्रहरीले एउटा गोली खोका र तीन वटा गोली समेत बरामद गरेको छ।

# सडकको स्तरोन्नतीको माग गर्दै चक्काजाम

**राजविराज**/जिर्ण अवस्थामा रहेका बिभिन्न सडकको स्तरोन्नतीको माग गर्दै जनप्रतिनिधि र स्थानीय यूवाहरुले मंगलबार राजविराजस्थित नेता चौकमा चक्काजाम गरेका छन्।

वडाअध्यक्ष शशी चौधरी, नागरिक अगुवा खेलानन्द दाससहित दर्जनौंको संख्यामा बिहान ९ बजे भेला भएका यूवाहरुले मुख्य बजारको नेता चौकमा सडकको चारैतिर बाँसको ढाट लगाएर आवागमन ठप्प पारेका थिए।

चौकदेखी राममन्दिरसम्मको करिब २ सय मिटर सडकलाई अलपत्र पार्नुका साथै ठेकेदारले स्थानीय रुपनी बस स्टेण्ड, माछा हटियासम्म पुग्ने सडक, राजविराज-कंचनपुर सडक लगायतको सडकको अवस्था पनि उस्तै बनाएको भन्दै स्थानीय आन्दोलनमा उत्रिएका हुन्।

कान्छाराम कन्स्ट्रक्सनले उक्त सडकहरुको निर्माण कार्यको ठेक्का लिएपनि काममा ढिलाई गरिरहेको तथा सरोकारवाला निकायले कुनै कारवाही नगरेको भन्दै स्थानीय आक्रोसित भएका हुन्। उक्त सडक खण्डको दर्जनौं ठाउँमा खाल्डा खुल्डी हुँदा पटक पटक दुर्घटना समेत हुने गरेको भन्दै उनीहरुले अविलम्ब निर्माण कार्य सुरु गर्न माग गरेका छन्।

# ट्याक्टरको ठक्करबाट बालिकाको मृत्यु

**राजविराज**/सप्तरीको महादेवा गाउँपालिका वडा नं. २ की १७ वर्षिया काजल कुमारी मण्डलको ट्याक्टरको ठक्करबाट मृत्यु भएको छ।

शुक्रबार बिहान ९ बजेतिर घरबाट विद्यालय हिडेकी उनको को.१त. ५४०१ नं. को ट्याक्टरको ठक्करबाट मृत्यु भएको हो। ठक्करबाट उनको घटना स्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

तिलाठी कोइलाडी गाउँपालिकास्थित श्री लक्ष्मीबल्लभ नरिसिंह उमाविमा कक्षा ११ मा अध्ययनरत काजल परीक्षा दिन जाने क्रममा दुर्घटनामा परेकी हुन्।

दुर्घटनापछी ट्याक्टर चालक धनिया यादव भाग्न खोज्दा नियन्त्रणमा लिई स्थानीयले प्रहरीलाई खबर गरेका थिए।

ठक्कर दिने ट्याक्टर र चालकलाई नियन्त्रणमा राखी अनुसन्धान भइरहेको प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए। चालकमाथी सवारी ज्यान मुद्दा अन्तरगत कारवाही हुने उनको भनाई छ।

# वेपत्ता भएका दुई मध्ये एक सशस्त्र प्रहरीको शव फेला

**राजविराज**/बिपद्को पूर्वअभ्यासका क्रममा कोशी नदीमा वेपत्ता भएका दुई सशस्त्र प्रहरी मध्ये एकको शव शुक्रबार फेला परेको छ।

शुक्रबार बिहान घटनास्थलदेखि करिब तीन किलोमिटर तल स्थानीयले शव देखेपछि प्रहरीलाई खबर प्राप्त भएको जनाइएको छ। उक्त शव सशस्त्र प्रहरी हरदेवको राजवंशीको रहेको प्रहरीले जनाएको छ। शव परीक्षण प्रक्रियाका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल पुर्याइएको छ। यता अर्को सशस्त्र प्रहरी सुरज साउदको शव अझै फेला पर्न सकेको छैन्।

राजवंशी श्रीअन्तु गण इलाम दरबन्दी भई दन्तकाली विशेष कार्य तालिम शिक्षालय सप्तरीमा र साउद १३ नं गण पर्सा दरबन्दी भई छिन्नमस्ता वाहिनी मुख्यालयमा कार्यरत थिए।

# कोशी नदीमा राईको शव फेला

**राजविराज**/सप्तकोशी नदीमा बिहीबार एक व्यक्तिको शव फेला परेको छ। संखुवासभा जिल्लाको भोटेखोला गाउँपालिका ५ स्थित लुमसुन बस्ने ३५ बर्षीय राजेश राईको शव फेला परेको हो।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित कोशी ब्यारेजको उत्तर पट्टिमा रहेको ५४, ५५ र ५६ नम्बर ढोका खोल्ने क्रममा शव फेला परेको इलाका प्रहरी कर्यालय कंचनपुरले जनाएको छ।

पानिमा मृत अवस्थामा तैरिदै गरेको अवस्थमा शव फेला परेको र मृतकको पहिचान बारे उनका बहिनी कमला राईले जानकारी गराएको प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले बताए।

उनले शवलाई पोष्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल पठाईएको र थप अनुसन्धान भइरहेको जानकारी समेत दिए।

## *संघीयताकै कारण ...*

सरकारका प्रवक्ता समेत रहेका मन्त्री लेखीले देशमा गणतन्त्र आएपछि आएको विकासको लहरले आजभन्दा १०/१५ बर्ष अगाडि मात्रै पैदल र साईकलमा आवजजावत गर्ने बाटो र गल्लीहरुमा समेत बर्षाको समयमा पनि चार चक्के सवारीसाधनहरु निर्वाध रूपमा गुडिरहनुले संघीयताको उपलब्धी नै भएको बताए।

उनले यस्ता तालिमहरुबाट युवा बर्गले सीप सिकेर आफ्नो गाउँ घरमै बसेर स्वरोजगार हुन सक्ने भएकाले तालिममा सक्रिय सहभागीता हुनु जरुरी रहेको बताए।

सो कार्यक्रममा कञ्चनरुप नगरपालिकाका नगरप्रमुख ललन प्रसाद गुप्ताले आफ्नो गाउँ घरको कला, संस्कृति, भेषभुसाको संरक्षण सम्बर्द्धन हुन आवश्यक रहेको बताउँदै गृहमन्त्री लेखीको हरेक काम समाजका लागि अनुकरणीय रहेको बताए। उनले मन्त्री लेखीको काम गर्ने तरिका र गरेको बिकास देखेर सबै दङ्ग परेको उल्लेख समेत गरे।

प्रवर्द्धन बोर्डका नव नियुक्त अध्यक्ष किशोर कुमार लेखीले तालिमको अध्यक्षता गर्दै चलचित्र र लोकसञ्चारको क्षेत्रको उत्थान र बिकाक धेरै काम गर्न बाकी रहेकोले सबैको साथ र सहयोगको जरुरी रहेको बताए।

कार्यक्रममा कञ्चनरुप नगरपालिकाका उपप्रमुख मुना पोखरेल, वडा नं. ३ अध्यक्ष गुल्टेन चौधरी, वडा नं.४ का अध्यक्ष जोगेन्द्र पासमान, वडा नं. ६ का अध्यक्ष बच्चुलाल चौधरी, वडा नं. ७ का अध्यक्ष समानन्द चौधरी, वडा नं. ८ का अध्यक्ष कृष्णा प्रसाद साह र वडा नं. ११ का अध्यक्ष ललित कुमार गोजेवार समेतको उपस्थिति रहेको थियो।

## *आम संचार ...*

बिनयकुमार लाल कर्णको अध्यक्षता तथा नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा उनलाई सम्मान गरिएको हो।

आयोजित कार्यक्रममा काँग्रेस सप्तरीका सभापति साहले सम्मानपत्र तथा गम्छा ओढाएर नेपाल पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष समेत रहेका नवनियुक्त सदस्य गुप्तालाई सम्मान गरे।

सो अवसरमा नेपाली काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल, प्रेस युनियनका केन्द्रिय सदस्यद्वय मिथिलेश कुमार यादव, सुधा देव, युनियनका मधेश प्रदेश सचिव मनोज कुमार माझी, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव लगायतले सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए।


## मेलमिलापबाट विवादको समाधान गरौं ।

**मेलमिलापबाट:**

- विवाद छिटो, कम समय र खर्चमा समाधान हुन्छ,
- सम्बद्ध पक्षले आफ्नो इच्छाअनुसार समाधान खोज्ने मौका पाउँछन्,
- आपसी सम्बन्ध सुधार हुन सक्छ,
- सम्बद्ध सबै पक्षलाई जितको अनुभव गराउँछ,
- तटस्थ र निष्पक्ष रुपमा विवादको समाधान हुन सक्छ,

**विवाद समाधानमा मेलमिलाप पद्धतिलाई अपनाऔं र अरुलाई पनि उत्प्रेरित गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*